अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०१।०३ गते

प्रेस विज्ञप्ति

विषय: घुस दिन ल्याइएको रकम सहित नियन्त्रणमा ।

भारतको नयाँदिल्लीबाट बाँकेको नेपालगन्ज हुँदै मिति २०७५।१२।३० गते काठमाडौं आएको ना. ५ ख. ४८४२ नं.को यात्रुवाहक बसले भन्सार छली तस्करीका सामानहरु ल्याइरहेको भन्ने सूचनाको आधारमा महानगरीय प्रहरी बृत्त स्वयम्भुबाट खटी गएको प्रहरी टोलीले का.जि.का.म.न.पा. वडा नं.१५ चमतीबाट उक्त बसलाई नियन्त्रणमा लिई चेकजाँच गर्दा राजश्व छली गरी ल्याइएको लत्ता कपडा बरामद भएकोमा उक्त राजश्व छली गरी ल्याइएका सामान छुटाउने प्रयोजनका लागि प्रहरीलाई सो गाडीका चालक श्याम बिश्वकर्माले रु.३,००,०००।- (अक्षरुपी तीन लाख), दिपा राना र भरत तामाङले रु.५०,०००। - (अक्षरुपी पचास हजार) गरी जम्मा रु.३,५०,०००। - (अक्षरुपी तीन लाख पचास हजार) घुस रकम दिन खोज्दा प्रहरीले उक्त घुस दिन ल्याएको रकमसहित निजहरु गाडी चालक श्याम बिश्वकर्मा, दिपा राना र भरत तामाङलाई नियन्त्रणमा लिई मिति २०७६।०१।०२ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंमा दाखिला हुन आएको हुँदा थप अनुसन्धान कार्य भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता